# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक १९ गते

## आयोगका पूर्वसदस्य, नागरिक समाजका प्रतिनिधि तथा मानव अधिकारकर्मीहरूद्वारा आयोगले विगतमा गरेका सिफारिसहरू कार्यान्वयनमा जोड

राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य, नागरिक समाजका प्रतिनिधि तथा मानव अधिकारकर्मीहरूले आयोगले विगतमा गरेका सिफारिसहरू कार्यान्वयन गर्नका लागिका सरकारलाई दबाव दिनुपर्नेमा जोड दिनुभएको छ ।

आयोगले नागरिक समाजका प्रतिनिधि तथा मानव अधिकारकर्मी, तथा आयोगका पूर्वसदस्यहरूसँग राजधानीमा बुधबार गरेको परामर्श कार्यक्रममा उहाँहरूले उक्त विषयमा जोड दिनुभएको हो ।

कार्यक्रममा आफ्ना धारणा राख्दै आयोगका पूर्वसदस्यहरू गौरीशंकरलाल दास, प्राध्यापक कपिल श्रेष्ठ, रामनगिना सिंह र डा. केबी रोकाय आयोगको ध्यान सिफारिसहरू कार्यान्वयनमा विशेष रूपमा केन्द्रित हुनुपर्ने बताउनुभयो ।

सो अवसरमा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले आफूहरूको ध्यान आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरू कार्यान्वयनमै केन्द्रित हुने बताउनुभयो ।

उहाँले 'बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग' पीडितलाई न्याय दिने कार्यमा केन्द्रित हुनुपर्नेमा जोड दिँदै यसले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई छमादान दिने काम गरेमा आयोगले आफ्ना प्रतिनिधिलाई फिर्ता बोलाउने चेतावनी दिनुभयो ।

उहाँले भन्नुभयो, 'गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनकर्ताहरूको सुनुवाइ 'रेगुलर कोट' मा हुनुपर्छ ।'

सो अवसरमा प्राडा वीरेन्द्र मिश्र, चरण प्रसाईं, विष्णुपुकार श्रेष्ठ, दिनेश त्रिपाठी, शर्मिला काकी, गणेश विश्वकर्मा, ज्योति बानियाँ, दुर्गा सोब, निर्मला शर्मा, लगायतका वक्ताहरूले आयोगले आगामी दिनमा गर्नुपर्ने कार्यहरूबारे सुझाव दिनुभएको थियो ।

कार्यक्रममा आयोगका सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक तथा मोहना अन्सारीले आयोगका भावी नीति तथा कार्यक्रमबारे प्रकाश पार्नुभएको थियो ।

.......................

वेदप्रसाद भट्टराई

कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org